# एशियन हाइड्रोपावर लिमिटेड
# Asian Hydropower Limited

रजिष्टर्ड ठेगाना : ललितपुर महानगरपालिका, वडा नं. २, सानेपा, ललितपुर, नेपाल
फोन नं. : ९७७-०१-५५३०१३५, ५५२५२२८
इमेल: info@urjadeveloper.com वेबसाइट: www.asianhydro.com.np

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

एशियन हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु.३४,००,००,०००/- (अक्षरेपी चौतीस करोड) मध्ये १०% अर्थात रु. ३,४०,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ३,४०,००० कित्ता साधारण शेयर आयोजना अति प्रभावित क्षेत्र ईलाम जिल्लाको ईलाम नगरपालिका वडा नं. १० (साविकको गोदाक गा.वि.स. को १ देखि ९ सम्मका सम्पूर्ण वडाहरु), माई जोगमाई गाउँपालिका वडा नं. ३ र ४ (साविकको नाम्सालिङ्ग गा.वि.स.का १ देखि ९ सम्मका सम्पूर्ण वडाहरु तथा नयाँबजार गा.वि.स.को वडा नं. ५), तथा सूर्योदय नगरपालिका वडा नं. ११ (साविकको माघेसुन्तले र तिनघरे गा.वि.स.का सम्पूर्ण वडाहरु तथा साविकको सूर्योदय गा.वि.स.को वडा नं. ३, ४ र ५) का स्थानीय बासिन्दाहरुका लागि १,३६,००० कित्ता (४०%) र उक्त आयोजना अति प्रभावित क्षेत्र बाहेकको ईलाम जिल्लाका अन्य क्षेत्रहरुमा बसोबास गर्ने बासिन्दाहरुका लागि बाँकी २,०४,००० कित्ता (६०%) शेयर तथा सर्वसाधारणमा निष्काशन हुने कम्पनीको जारी पूँजीको २४.७१% (नजिकको २ अंकमा) अर्थात रु. ८,४०,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ८,४०,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात ८४,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नेपालीहरुको लागि **आज मिति २०७९ मंसिर २७ गतेदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि: | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : २०,००० कित्ता |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि: | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : २०,००० कित्ता |

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने**

| क्र.सं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं । वेबसाइट www.nmbcl.com.np |
| २. | एशियन हाइड्रोपावर लिमिटेड, सानेपा, ललितपुर । वेबसाइट www.asianhydro.com.np |
| ३. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनीको साथै नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ |

**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि**
**देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।**

| क्र.सं. | संकलन केन्द्रको नाम, ठेगाना |
|---|---|
| १. | एनएमबि बैंक लिमिटेड, ईलाम शाखा, ईलाम |
| २. | सिभिल बैंक लिमिटेड, माईजोगमाई शाखा, ईलाम |
| ३. | प्राईम कमर्सियल बैंक लिमिटेड, ईलाम शाखा, ईलाम |
| ४. | ग्लोबल आइएमई बैंक लिमिटेड, सूर्योदय शाखा, ईलाम |
| ५. | आयोजनाको अति प्रभावित क्षेत्र तथा प्रभावित क्षेत्रका स्थानिय बासिन्दाका लागि निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको आयोजना प्रभावित जिल्लाका बैंक तथा वित्तीय संस्थाहरु तथा नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) सदस्य प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |

दरखास्त फाराम रु.२/- (स्थानीयवासीको हकमा मात्र) भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरुः**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| निष्काशन खुल्ला मिति | : २०७९/०८/२७ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०७९/०९/१२ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०७९/०९/२७ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| निष्काशन खुल्ला मिति | : २०७९/०८/२७ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०७९/०९/१२ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

**संस्थापक तथा संचालकहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन ।**

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरणः**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७५/७६ | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००।०० | १००।०० | ९९।६० | ८५।६७ | १०४।५५ | ११८।७० | १३५।८५ |
| संचित नाफा/(नोक्सान) (रु. हजारमा) | - | - | (६५६) | (२२,९३३) | १५,४६९ | ६३,५९१ | १२१,८७८ |
| प्रति शेयर आम्दानी (रु.) | - | - | (०।४०) | (१०।०३) | ११।२९ | १४।१५ | १७।१४ |

| | |
|---|---|
| आयोजनाको नाम | : तल्लो जोगमाई खोला जलविद्युत आयोजना |
| जडित क्षमता | : ६.२ मेगावाट |
| आयोजनाको कूल लागत | : रु.१,३१,१५,३०,०००/- [{Interest during construction (IDC)} सहित । ] |
| प्रति मेगावाट लागत सम्बन्धी विवरण | : आयोजनाको प्रति मेगावाट लागत रु.२१,१५,३७,०९७/- रहेको छ । |
| विद्युत उत्पादन अनुमतिको बाँकी अवधि | : अनुमतिपत्र बहाल रहने अवधि मिति २०७६/०३/१२ देखि २१११/०३/११ सम्म रहेकोले ३२ वर्ष बाँकी रहेको छ । |
| साधारण लगानी फिर्ता हुने अवधि (PBP) | : ७.०९ वर्ष |
| डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted PBP) | : ११.८३ वर्ष |

**तल्लो जोगमाई खोला जलविद्युत आयोजनाको व्यापारिक उत्पादन मिति २०७८ कार्त्तिक १५ गतेदेखि शुरु भैसकेको छ ।**

**क्रेडिट रेटिङ्ग सम्बन्धमा**

स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपाल लि. पुतलीसडक, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७९ आषाढ १७ गते [CARE-NP BB(Is)] प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा औषत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो रेटिङ्गको वैद्यता मिति २०८०/०१/१५ सम्म रहने छ । केयर रेटिङ्गस् नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D(IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने CARE-NP D(IS) ले कमजोर आधारहरु जनाउँछ । CARE-NP BBB देखि CARE-NP BB(Is) ले औसत आधारहरु जनाउँदछ । "CARE-NP B(Is), CARE-NP C(Is), "CARE-NP D(Is) ले औषत भन्दा कम आधारहरु जनाउँदछ । दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२(ट) पृष्ठ नं. ३७ मा उल्लेख गरिएको छ ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०७९ मंसिर १८ गतेको "अन्नपूर्ण पोष्ट"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेबसाइट www.asianhydro.com.np, नेपाल धितोपत्र बोडको वेबसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.nmbcl.com.np मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं ।

**नोटः स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

NMB CAPITAL LIMITED

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**एनएमबि क्यापिटल लिमिटेड**
नागपोखरी, काठमाडौं, नेपाल, फोन नं. ४४३७९६३
इमेलः info@nmbcl.com.np वेबसाइटः www.nmbcl.com.np